अनुसूची-३

# 'मेरो शेयर' को सेवा लिनका लागि निवेदन फाराम

मिति : ......../........./........

श्री प्रमुखज्यू,

.......................................................................................

(निक्षेप सदस्यको नाम र ठेगाना)

**विषयः 'मेरो शेयर' को सेवा प्रदान गरिदिने सम्बन्धमा।**

महोदय,

म/हामीले त्यस लि. मा खोलेको हितग्राही खातासम्बन्धी विवरण इन्टरनेटमार्फत् हेर्न तथा 'मेरो शेयर' मा उपलब्ध सम्पूर्ण सेवाहरु प्रयोग गर्न चाहेकाले उक्त सेवा प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

| | |
|---|---|
| निवेदकको नाम/थरः | |
| Name of Applicant (BLOCK Letter) | |

| | |
|---|---|
| निक्षेप सदस्य नम्बरः (DPID) | |
| हितग्राही नम्बरः (Client ID) | |

| | | | |
|---|---|---|---|
| इमेलः E-mail ID: | | | |
| सम्पर्क फोन नं.: (Telephone No.) | अफिस | निवास | मोबाइल |
| | | | |
| ठेगानाः (Address): | | | |

## 'मेरो शेयर' को सेवा सम्बन्धी नियम तथा शर्तहरू

१. **मेरो शेयर** सेवा केबल व्यक्तिगत प्रयोजनका लागि मात्र हो । यो सेवा अन्य कसैलाई हस्तान्तरण गरिने छैन ।

२. ग्राहकले मेरो शेयर सेवासँग सम्बन्धित विद्युतीय कारोबारका लागि दिइएका सुरक्षित गोप्य नाम, पासवर्ड, पिन आदि जानकारीको गोपनियता कायम गर्नेछ र यी जानकारीहरु कुनै पनि अवस्थामा कसैलाई कहिले पनि दिने छैन ।

३. यदि आफुना गोप्य पासवर्ड नम्बर पिन हराएको वा सोको जानकारीहरु कतै कोही असम्बन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त आफुनो निक्षेप सदस्यलाई जानकारी गराई रद्द गराउनु पर्नेछ र परिवर्तन गराउनुपर्नेछ ।

४. **मेरो शेयर** मार्फत गरिएका सम्पूर्ण कारोबारको जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।

५. **मेरो शेयर**को प्रयोग सधैं सिडिएससीको प्रचलित नियम र विनियमको अधीनमा रहने छ ।

६. प्राविधिक कारणले सेवा अवरुद्ध हुन गई ग्राहकलाई हुन गएको असुविधा, क्षति वा हानि नोक्सानीका लागि निक्षेप सदस्य/सिडिएससी कुनै पनि किसिमको जिम्मेवार हुने छैन ।

७. यो निवेदनमा निक्षेप सदस्य/सिडिएससीको स्वीकृत आवश्यक पर्नेछ । निक्षेप सदस्य/सिडिएससीसँग कुनै कारण नखुलाई आफ्नो स्वविवेकमा निवेदन अस्वीकृत गर्ने अधिकार रहनेछ ।

८. ग्राहकलाई सूचित गरी वा नगरी यो सुविधा नवीकरण गर्ने, रद्द गर्ने वा फिर्ता लिने अधिकार निक्षेप सदस्य/सिडिएससीलाई रहने छ ।

उद्घोषणाः

म/हामी माथि उल्लेखित सम्पूर्ण विवरण साँचो रहेको घोषणा गर्दछु/गदछौं । यदि उल्लेखित विवरणहरु कुनै कारणवश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसबाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मेवार म/हामी स्वयं हुने छु/छौं । साथै माथि उल्लेखित मोबाइल नम्बर तथा इमेल मेरो/हाम्रो व्यक्तिगत प्रयोजनाका लागि प्रयोग हुनेछ तथा **मेरो शेयर**को सेवाका लागि सिडिएससीबाट प्रदान गरिने Login ID तथा Password हरु उल्लेखित मोबाइल नम्बर वा इमेल ठेगानामा प्राप्त गर्न मेरो/हाम्रो मञ्जुरी छ । **मेरो शेयर**को सेवा उपभोग गर्ने सम्बन्धमा सिडिएससीद्वारा जारी गरिएका यस सेवासँग सम्बन्धित माथि उल्लेख गरिएका सम्पूर्ण नियम, शर्तहरु राम्ररी पढीबुझी स्वीकार गर्दछु/गर्दछौं ।

.............................................

आधिकारिक दस्तखत

.............................................

मिति